**नेपाल सरकार**

**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो**

**बुद्धनगर, काठमाण्डौ**

**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नाम: व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना दोस्रो बुद्धनगर, काठमाण्डौ**

**सूचना सार्वजनिक गरेको अवधि: २०७४।०७।०१ देखि २०७४।०९।३० सम्म**

**१. परियोजनाको स्वरूप र प्रकृति**

व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना पहिलो चरणको सफल कार्यन्यन पश्चात नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिव, परियोजना निर्देशकको नेत्रृत्वमा यस परियोजना सञ्चालन भैरहेको छ । व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि पारियोजना नेपालमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रणालीलाई सुदृढीकरण गर्दै गुणस्तरीय तालिम कार्यक्रममा पछाडि परेका युवाहरूको पहुँच बढाउँदै दक्ष र रोजगार योग्य श्रमको आपूर्तिलाई विस्तार गर्न हो । शिक्षा सचिवको अध्यक्षतामा विभिन्न मन्त्रालय र सरकारी निकायका प्रतिनिधीहरू रहेको परियोजना कार्यान्वयन समिति रहेको छ । प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको सदस्य सचिवको अध्यक्षतामा सरकारी र नीजि क्षेत्रका प्रविधिक तथा व्यावसायिक तालिम विशेषज्ञ र यस क्षेत्रका अभ्यासकर्ताहरू समेत रहेको एक प्राविधिक सल्लाहकार समितिले यस परियोजनालाई प्राविधिक सहयोग गरिहेको छ ।

**क. परियोजनाको परिचय:**

नेपाल सरकार र विश्व बैंकबीच सन २०१८ जनवरी २१ मा सम्झौतामा हस्ताक्षर भई ५ वर्षे शिक्षा मन्त्रालय अन्तरगत रहने गरि व्यावसायिक शिक्षा तथा तालिम अभिवृध्दि (ईभेन्ट) परियोजना दोस्रो कार्यान्वयन गर्न सहमत भएको थियो । यसै अनुसार यस परियोजनाको अवधि सन २०१८ देखी २०२२ सम्म रहने छ । यस परियोजनाको मुख्य रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सुदृढ बनाउन र उपेक्षित वर्ग एवम् दुर्गम तथा पिछडिएका क्षेत्रमा बसोबास गर्ने युवालाई विशेष लक्षित गरी व्यावसायिक तालिम तथा प्राविधिक शिक्षाको पहुँच बढाउन सहयोग गर्ने कार्यक्रम छ । परियोजनाको समग्र कार्यनवयन व्यवस्थापन तथा निर्देशन गर्ने काम शिक्षा मन्त्रालयको छ ।

**ख. परियोजनाको उद्देश्य:**

सीपयुक्त तथा रोजगार उन्मुख जनशक्तिको आपूर्ति बढाउन गुणस्तरीय तालिमको पहुँच विस्तार गर्नु र नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम पद्धतिको सुदृढ बनाउनु यस परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

**ग. परियोजनाको लक्ष्य:**

व्यावसायिक तालिमलाई रोजगारीसँग आवद्ध गरी नतिजामुखी प्रतिफलका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको कार्यसम्पादन क्षमता र जवाफदेहितामा जोड दिने यो परियोजनाको मुख्य उद्देश्य हो । तालिममा समावेशीकरणको आधारमा नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पद्धतिलाई सुदृढ गदै अपाङ्गता भएका, लोपोन्मुख, सीमान्तकृत, जनजाति, दलित, महिलाहरु र गरिव तथा पिछाडिएका लक्षित समूहका युवाहरुको तालिममा पहँच बढाउदै रोजगार योग्य श्रमशक्ति तयार गर्नु यस परियोजनाको लक्ष्य हो ।

**२. कर्मचारी संख्या र कार्य विवरण:**

यस परियोजनामा हाल जम्मा २३ जना कर्मचारी कार्यरत रहेको र विवरण यस प्रकार छ :

| क्रस | नाम, थर | श्रेणी | पद | कार्य विवरण |
|---|---|---|---|---|
| १ | श्री टेकनारायण पाण्डे | रा.प. प्रथम | परियोजना निर्देशक | परियोजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सम्मका सम्पूर्ण कार्यक्रमहरूलाई सङ्गठित र व्यवस्थित गर्ने, सरकारी सङ्गठन, बाह्य संस्था, दातृ निकायहरूसँगको अन्तरक्रियामा परियोजना प्रतिनिधित्व गर्ने, तोकिएका काम एवम् कार्यक्रम कार्यान्वयनको सुनिश्चित गर्ने, आवश्यक प्राविधिक एवम् वित्तीय स्रोतहरूको उपलब्धता र प्रभावकारीताको सुनिश्चित गर्ने जस्ता कार्यभार बहन गरी परियोजना सचिवालयलाई समग्र नेतृत्व प्रदान गर्ने। |
| २ | श्री दिनेश खनाल | रा.प. द्धितीय | परियोजना उप-निर्देशक | पारियोजनाका कार्यक्रमहरूको अनुगमन गर्ने तथा परियोजना निर्देशकलाई सहयोग गर्ने। |
| ३ | श्री घनश्याम खनाल | रा.प. प्रथम | उप-सचिव | वित्तीय व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी वित्तीय व्यवस्थापन कार्यको नेतृत्व गर्ने। |
| ४ | श्री सुजनराज खनाल | रा.प. द्धितीय | उप-सचिव | छोटो अवधिको तालिम व्यवस्थापन सम्वन्धी कार्य र परियोजना उप-निर्देशकलाई सहयोग गर्ने। |
| ५ | श्री रविप्रसाद शर्मा | रा.प. द्धितीय | उप-सचिव | परियोजनाको कार्यक्रम र बजेट निर्माण गर्ने, परियोजनासँग सम्बन्धित सूचकहरू तयार तथा परियोजना उप-निर्देशकलाई सहयोग गर्ने। |
| ६ | श्री शोभाकर न्यौपाने | रा.प. तृतीय | प्रो. अधिकृत | खरिद योजना तयार गरी व्यवस्थापन गर्ने। |
| ७ | श्री केमनाथ उप्रती | रा.प. तृतीय | लेखा अधिकृत | दैनिक वित्तीय व्यवस्थापन कार्य संञ्चालन गर्ने। |
| ८ | श्री शशि पोख्रेल | रा.प. तृतीय | अनुगमन अधिकृत | छोटो अवधिको तालिम र तालिम अनुगमन सम्वन्धी कार्य गर्ने। |
| ९ | श्री नेत्रनारायण पौडेल | रा.प. तृतीय | अनुगमन अधिकृत | कार्यसम्पादन अनुदान, तालिम अनुगमन, सूचना तथा नोडल अधिकृत सम्वन्धीत कार्य |
| १० | श्री पार्वती कुमारी शर्मा | रा.प. तृतीय | अनुगमन अधिकृत | छात्रवृति र तालिम अनुगमन सम्बन्धीत कार्य गर्ने। |
| ११ | श्री टिकिन्द्र राज भट्ट | रा.प. तृतीय | अनुगमन अधिकृत | योजना तथा कार्यक्रम सम्बन्धित कार्य गर्ने। |
| १२ | श्री अचुतप्रसाद खरेल | रा.प.अनं.प्रथम | प्रशासनिक सहायक | प्रशासनिक सहायकको कार्य गर्ने। |
| १३ | श्री कृष्ण जोशी | रा.प.अनं.प्रथम | अनुगमन सहायक | अनुगमन सहायकको कार्य गर्ने। |
| १४ | श्री शिरषा सुवेदी | रा.प.अनं. प्रथम | कम्प्यूटर अपरेटर | हेल्प डेक्स र परियोजना निर्देशकको सचिवलय व्यवस्थापन गर्ने। |
| १५ | श्री कृष्णप्रसाद पौडेल | रा.प.अनं. प्रथम | सूचना सहायक | सूचना सहायकको कार्य गर्ने। |
| १६ | श्री गोविन्द वजगाई | रा.प.अनं. प्रथम | कम्प्यूटर अपरेटर | कम्प्यूटर अपरेटर कार्य गर्ने। |
| १७ | श्री प्रमिला भुजेल | रा.प.अनं. प्रथम | फा. मे. सहायक | लेखा सहायकको कार्य गर्ने। |
| १८ | श्री नरेशचन्द्र खनाल | रा.प.अनं. प्रथम | भो. टे. सहायक | भोकेशनल टेक्निकल सहायकको कार्य गर्ने। |
| १९ | श्री राजकुमार अधिकारी | श्रेणीविहिन | सवारी चालक | सवारी चलाउने |
| २० | श्री शिवप्रसाद भट्ट | श्रेणीविहिन | सवारी चालक | सवारी चलाउने |
| २१ | श्री हिरामाया तामाङ | श्रेणीविहिन | कार्यालय सहयोगी | कार्यालय सहयोगीको कार्य गर्ने |

| | | | | |
|---|---|---|---|---|
| २२ | श्री चन्द्रवहादुर तामाङ | श्रेणीविहिन | कार्यालय सहयोगी | कार्यालय सहयोगीको कार्य गर्ने |
| २३ | श्री पुरण चौधरी | श्रेणीविहिन | कार्यालय सहयोगी | कार्यालय सहयोगीको कार्य गर्ने |

३. परियोजनाबाट प्रदान गरिने सेवाहरू:
परियोजनाले प्रदान गर्ने सेवाहरू यसप्रकार छन:-
क) प्राविधिक शिक्षा तथा व्यावसयिक तालिमसँग सम्बन्धित विद्यमान कार्यक्रमलाई सहयोग पुऱ्याउने र उक्त संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने,
ख) प्राविधिक शिक्षामा सुधारका लागि तालिम प्रदायक संस्थाहरूको क्षमता अभिद्धि गर्ने,
ग) छोटो अवधिको व्यावसायिक तालिम र पूर्व सिकाई प्रमाणिकतणमा सहयोग र
घ) परियोजना व्यवस्थापन, अनुगमन र मूल्याङ्कन।

४. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी
यस सम्वन्धमा माथी तालिकामा उल्लेखित अनुसार हुने छ।
५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी
यस परियोजनाबाट सेवा लिदा कानूनमा तोकिए बमोजिम बाहेक कुनै दस्तुर लाग्ने छैन साथै सेवा प्राप्त गर्ने अवधी प्रकिया पुगेकोमा सोहि दिन रहेको छ।
६. निर्णय गर्ने प्रकिया र अधिकारी:
सम्वन्धित शाखाको अनुगमन अधिकृतबाट टिप्पणी उठान गरी विषयवस्तुको संवेदनशिलता आधारमा वढीमा ४ तहमा निर्णय हुने।
७. निर्णय उपर उजुरी सुन्ने अधिकारी:
सम्वन्धित निर्णय गर्ने तह र अधिकारी भन्दा एक तह माथील्लो अधिकारी हुने छ।
८. सम्पादन गरेको कामको विवरण: यस परियोजनाले सम्पादन गरिरहेका कार्यहरू यस प्रकार छन:-

- योजना र कार्यक्रम विकास तथा कार्यान्वयन
- तालिम तथा रोजगार प्रदान संस्थाहरु मार्फत छोटो अवधिको तालिम सञ्चालन गर्ने
- परियोजना कार्यक्रमहरु कार्यान्वयनको सुनिश्चितता गर्न सम्वन्धित निकाय र कर्मचारी विच समन्वय गर्ने
- कार्यसम्पादन अनुदान वितरण
- प्राविधिक प्रवेशिका तथा डिप्लोमा तह विद्यार्थीलाई छात्रवृत्ति वितरण
- संस्थागत व्यवस्थापन क्षमता सुढृढीकरणमा सहयोग
- अनुगमन र मुल्याङ्कन
- आर्थिक व्यावस्थापन
- सम्वन्धित प्राविधिक निकायसँग सहकार्य

९. सूचना अधिकारी र प्रमुखको नाम र पद
सूचना अधिकृत: नेत्रनारायाण पौडेल पद: अनुगमन अधिकृत
परियोजना प्रमुख: टेकनारायण पाण्डे पद: परियोजना निर्देशक
१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सुची
www.event.gov.np, Publication/ Reports मा क्लिक गर्नुहोला।
११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
www.event.gov.np, Notice मा क्लिक गर्नुहोला।